Why Christian suffers?

# ईसाइहरूले किन दुःख भोग्ने ?

## परिचय

इसाईहरूले दुःख पाउँदछन् ? के येशूले भन्नुभएको छैन, "कैदीहरूलाई छुटकाराको घोषणा गर्न र अन्धाहरूलाई दृष्टि दिन थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति परमेश्वरले पठाउनुभएको हो," (लूका ४:१८), मन भाँचिएकाहरूको हृदयलाइ बाँध्न, कैदमा परेकाहरुलाई स्वतन्त्रता दिन र बन्धनमा परेकाहरुलाई छुटकाराको घोशणा गर्न उहांले मलाई पठाउनुभएको हो (यशैया ६१:१-२)। यसले निश्चिय नै दुःख भोगाइलाई समावेश गर्दछ।

हामीहरूले दुःख किन भोग्ने भन्ने प्रश्नभन्दा बढी विश्वासीहरूलाई अरू कुनै पनि विषयले व्याकुल बनाउँदैन। यसलाई बुझ्न हामील फर्केर आदमको बगैंचामा जानै पर्छ। जब आदम र हब्बाले अनाज्ञाकारिताद्वारा पाप गरे तब सम्पूर्ण संसारमा श्राप आएको थियो। यस श्रापबाट हामीहरूलाई वचाउन हाम्रा उद्धारकर्ता येशू आउनु भए तापनि हामीहरू अझ पतन भएको संसारमा नै बाँच्दैछौं, जहाँ दुःखले ठूलो भूमिका खेल्दछ। तर पनि इसाईहरूको दुःख भोगाई उद्धार गर्ने हुन सक्दछ। यो एक आधार हुन सक्दछ। जहाँबाट हामीहरूको जाँच, शृद्धीकरण र परमेश्वरको नजिक ल्याउने काम हुदछ। जसै परमेश्वरले हामीहरूलाई पुनर्स्थापन गर्नुहुन्छ, अझ हामीलाई येशूजस्तो बनाउनलाई उहाँले हाम्रो दुःख भोगाइलाई प्रयोग गर्नुहुन्छ।

## हाम्रो अध्ययन

डाँडाको उपदेशमा हामीहरूलाई येशूले इसाईपना र दुःख भोगाई बीचको अनौठो सम्बन्ध देखाउनुहुन्छ।
धर्मशास्त्रः मत्ती ५:११ "धन्य हौ तिमीहरू, जब मानिसहरूले मेरो खातिर तिमीहरूको निदा गर्नेछन् र सताउनेछन् र झुटा बोलेर तिमीहरूका विरुद्धमा सब किसिमका खराब कुरा भन्नेछन्।"

१. येशूले आफ्नो उपदेश सुन्नेहरूलाई कस्तो प्रकारको दुःख भोगाई बारेमा भन्नुभयो ?

.................................................................

.................................................................

२. यस्तो प्रकारले दुःख भोग्नेहरूलाई उहाँले के भनेर सम्बोधन गर्नुभएको छ ?

.................................................................

.................................................................

हो, धन्य- यो विरोधी हुनलाई गरिएको शर्त होइन, आफैंलाई दया देखाएर निराशामा डुब्ने समय होइन तर र माइलो कुरा - आशिषको एक समय हो। प्रेरित याकूब र पावलले यो एकै प्रकारको सम्बन्धलाई मात्र देखेनन्, तर तिनीहरूले यसभन्दा पनि एक कदम अघि लगे।

**धर्मशास्त्रः याकूब १:२-४ र रोमी ५:३-५ "मेरो भाइ हो, तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ किनकि तिमीहरू जान्दछौ, तिमीहरूका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ। धैर्यलाई त्यसको पूरा काम गर्न देओ ताकि तिमीहरूमा कुनै कुराको अभाव नभएर तिमीहरू परिपक्व र पूर्ण होओ।"**

"यति मात्र होइन, तर हामी आफ्नो संङ्कष्टमा रमाउँछौ, यो जानेर की सङ्कष्टले सहनसिलता उत्पन्न गराउँछ। सहनसिलताले चरित्र र चरित्रले आशा उत्पन्न गराउँछ। आशाले हामीलाई निराशा गराउँदैन किनकि हामीलाई दिइएको पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ।"

३. दुःख भोगाइ बारेमा याकूबले कस्तो बयान गरेका छन् ?

.................................................................

.................................................................

यदि यो विचार नै पूर्णतवरले आश्चर्य लाग्ने छ भने चेलाहरूलाई यसको साथैमा राखिएको आज्ञा बुझ्न अझ कठिन छ।

४. दुवै प्रेरितहरूले हामीहरूको जाँच हुँदा हाम्रो व्यवहार (सम्बन्ध) कस्तो हुनुपर्छ भनी भनेका छन् ?

.................................................................

.................................................................

५. किन ?

.................................................................

.................................................................

६. याकूबले सहनसिलताको अन्तिम परिणाम के हुनेछ भनी भनेका छन् ?

.................................................................

.................................................................

७. दुःख भोगाइले के उत्पन्न गराउँछ भनी पावलले भनेका छन् ?

.................................................................

.................................................................

८. आशाले हामीलाई निराश किन गराउँदैन ?

.................................................................

.................................................................

पछिका पदहरूमा याकूबले हामीहरूलाई अर्को इनामको पनि प्रतिज्ञा गरेका छन् ।

**धर्मशास्त्रः याकूब १:१२ "त्यो मानिस धन्यको हो, जो आपत्-विपत्मा स्थिर रहन्छ किनकि जाँचको सामना गरिसकेपछि त्यसले जीवनको त्यो मुकुट पाउनेछ, जो परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूलाई दिने प्रतिज्ञा गर्नुभएको छ ।"**

९. आपत्-विपत्मा स्थिर रहनेहरूलाई याकूबले कस्तो प्रकारको इनाम पाउनेछ भनी प्रतिज्ञा गरेका छन् ?

.................................................................

.................................................................

यो मुकुट परमेश्वरसँगको अनन्त जीवन हो ।

यो हाम्रा इनामहरूमध्ये एउटा मात्र हो ।

**धर्मशास्त्रः हिब्रू ६:१०-१२ "परमेश्वर अन्यायी हुनुहुन्न र तिमीहरूका काम र उहाँको खातिर सन्तहरूका सेवामा तिमीहरूले देखाएको प्रेम उहाँले भुल्नुहुन्न । तिमीहरू अझै पनि त्यस्तै सेवा गरिराखेका छौ । हामी चाहन्छौं कि तिमीहरू प्रत्येकले आफ्ना सम्पूर्ण आशा प्राप्त गर्नका निम्ति अन्त्यसम्मै त्यही तत्परता देखाउनेछौ । यस उद्देश्यले कि तिमीहरू सुस्त हुने छैनौं, तर तिनीहरूका अनुकरण गर्नेछौ, जुनहरू विश्वास र धैर्यद्वारा प्रतिज्ञाका हकदार हुन्छन् ।"**

१०. हिब्रूका लेखकले परमेश्वर अन्यायी हुनुहुन्न भनी कस्तो किसिमले भनेका हुन् ?

.................................................................

.................................................................

११. हामीहरूले हाम्रो प्रेम परमेश्वरलाई कस्तो प्रकारले देखाउने ?

.................................................................

.................................................................

१२. हाम्रो आशालाई हामीहरूले कसरी निश्चय गराउने ?

.................................................................

.................................................................

येशूको जीवनमा भएको दुःख भोगाईको महत्वपूर्ण उद्देश्यलाई हामीहरूले कहिल्यै भुल्नुहुँदैन ।

**धर्मशास्त्रः हिब्रू २:१० "यो उचित थियो कि परमेश्वर जसको निम्ति र जसद्वारा सबै थोकको अस्तित्व छ, उहाँले नै धेरै सन्तहरूलाई महिमामा ल्याउनुहुँदा तिनीहरूका मुक्तिका कर्ता येशूलाई कष्टहरूद्वारा सिद्ध तुल्याउनुभयो ।"**

१३. येशूले कष्टहरूद्वारा के हासिल गर्नुभयो ?

.................................................................

.................................................................

**धर्मशास्त्रः हिब्रू ५:८ "उहाँ पुत्र हुनुहुथ्यो, तापनि आफूले भोग्नुभएको कष्टद्वारा उहाँले आज्ञापालन गर्न सिक्नुभयो ।"**

१४. येशूले भोग्नुभएको कष्टबाट उहाँले अरू के सिक्नुभयो ?

.................................................................

.................................................................

काँटछाँट गरेको कसैलाई पनि मन पर्दैन, तर हामीहरूलाई आज्ञाकारिता र सिद्धता हासिल गराउन येशूले प्रयोग गर्नुभएको एक विधि हो । यस प्रक्रियालाई येशूले यूहन्नाको पुस्तकमा स्पष्ट पार्नुभएको छ ।

**धर्मशास्त्रः यूहन्ना १५:१-४ "साँचो दाखको बोट म हुँ, र मेरो पिता किसान हुनुहुन्छ । ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन, उहाँले त्यसलाई काट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन बडी फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ । मैले तिमीहरूलाई भनेको वचनले तिमीहरू अघि नै शुद्ध भइसकेका छौ । ममा रहो, र म तिमीहरूमा रहन्छु । जसरी हाँगा दाखको बाटोमा रहेन भने त्यो आफैंले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौं ।"**

१५. येशूले आफैंलाई के भन्नुभएको छ ?

.................................................................

.................................................................

१६. उहाँले पितालाई के भनी सम्बोधन गर्नुभएको छ ?

..........................................................................

..........................................................................

१७. येशूमा रहेर फल नफलाउने हरेक हाँगालाई पिताले के गर्नुहुन्छ ?

..........................................................................

..........................................................................

१८. फल फलाउने हाँगाहरूलाई उहाँले के गर्नुहुन्छ ?

..........................................................................

..........................................................................

हरेक बुद्धिमान किसानले फल दिने र फल नदिने हाँगालाई पनि छिवल्लुपर्छ, भनी जान्दछ । त्यसको कारण के हो येशूले बताउनुभएको छ ।

१९. किन ?

..........................................................................

..........................................................................

२०. फल फलाउनको निम्ति के हुन आवश्यक छ ?

..........................................................................

..........................................................................

**धर्मशास्त्र: यूहन्ना १५:५-८ "दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ । यदि कोही ममा रहयो भने र म त्यसैमा रहैं भने त्यसले धेरै फल फलाउँछ किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ । कोही मानिस ममा रहेन भने त्यो हाँगाझैं बाहिर मिल्काइन्छ र त्यो सुकिहाल्छ । यस्ता हाँगाहरू मानिसले बटुल्छन् र आगोमा फालिदिन्छन् र तिनीहरू जलिरहन्छन् । तिमीहरू ममा रह्यौ भने र मेरा कुरा तिमीहरूमा रहे भने तिमीहरूलाई जे इच्छा लाग्छ, माग र त्यो तिमीहरूका निम्ति गरिनेछ । तिमीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणीत गर्‍यौ भने यसैमा मेरो पिताको महिमा हुनेछ ।"**

२१. जो येशूमा रहन्छ, उसलाई के हुन्छ ?

..........................................................................

..........................................................................

**धर्मशास्त्र: यूहन्ना १५:१६ "मैले तिमीहरूलाई चुने र तिमीहरूलाई नियुक्त गरें कि तिमीहरू जाओ र फल फलाओ अनि तिमीहरूको फल रहिरहोस् । त्यैसैले तिमीहरूले पितासँग मेरो नाममा जे मागौला, उहाँले तिमीहरूलाई सो दिनुहुनेछ ।"**

२२. येशूले हामीलाई के गर्नको निम्ति नियुक्त गर्नुभयो ?

..........................................................................

..........................................................................

२३. हाम्रो इनाम के हो ?

..........................................................................

..........................................................................

दु:ख भोगाई सहन सक्ने बनाउन सकिन्छ, त्यसका धेरै कारणहरू धर्मशास्त्रले हामीलाई दिएको छ । यो स्थायी होइन ।

**धर्मशास्त्र: १ पत्रुस ५-१० "सबै अनुग्रहका परमेश्वरले ख्रीष्टमा आफ्नो अनन्त महिमाको निम्ति तिमीहरूलाई बोलाउनुभएको छ । तिमीहरूले केही बेर कष्ट गरेपछि उहाँले नै तिमीहरूलाई फेरि नयाँ पार्नुहुनेछ, स्थिर गर्नुहुनेछ र शक्तिशाली पार्नुहुनेछ ।"**

२४ हामीहरूले केही बेर दु:ख भोगेपछि के हुनेछ ?

..........................................................................

..........................................................................

अरूहरूले पनि यही प्रकारको दु:ख भोगीरहेका छन् अनि परमेश्वरले हाम्रो दु:ख सिमित पार्नुहुनेछ ।

**धर्मशास्त्र: १ कोरिन्थी १०-१३ "मानिसहरूलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ । परमेश्वर विश्वासयोग्य हुनुहुन्छ । उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ । यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ ।"**

२५. यस पदले हामीलाई परीक्षाको बारेमा के भन्दछ ?

..........................................................................

..........................................................................

२६. पावलले हामीलाई पुन निश्चयता दिनुहुन्छ ?

..........................................................................

..........................................................................

**धर्मशास्त्र: १ पत्रुस ५:८-९ "सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु दियाबलस (शैतान) कसलाई भेट्टाउँ र खाइहालौं भनी गर्जने सिंहझैं खोजिहिँड्छ । विश्वासमा दह्रिला भएर त्यसको विरोध गर किनकि संसारभरिका तिमीहरूका दाज्यू-भाइहरूले पनि यस्तै कष्टको अनुभव गरिरहनुपरेको छ ।"**

२७. हामीलाई पत्रुसको आज्ञा के हो ?

.....................................................................

.....................................................................

परमेश्वरको प्रेमबाट हामीलाई केही कुराले अलग गर्नसक्दैन ।

**धर्मशास्त्रः रोमीं८:३५-३९ “कसले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने ? के सङ्कष्टले अथवा दुःखले वा खेदोले वा अनिकालले वा नग्नताले अथवा खतराले वा तरवारले ? ...होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढी छौं किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले, शक्तिहरूले न उचाइले वा गहिराईले वा सारा सृष्टिमा भएका कुनै पनि कुराले ख्रीष्ट येशू हाम्रा प्रभुमा भएको परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैनन् ।”**

२८. पावलले भन्नुभएको केही कुरा जसले हामीलाई परमेश्वर को प्रेमबाट अलग गर्न सक्दैन ती के के हुन् ?

.....................................................................

.....................................................................

ठीक व्यवहारको साथमा दुःख भोग्नेहरूको निम्ति इनाम विशाल हुनसक्छ । जतिजना कष्टमा छन्, तिनीहरूको निम्ति पावलसँग असल खबर छ ।

**धर्मशास्त्रः २ कोरिन्थी ४:१७ “...हाम्रो हलुको र क्षण भरको कष्टले हाम्रा निम्ति अतुलनीय तथा अनन्तको महान् महिमा तयार गरिरहेछ ।”**

२९. हाम्रा दुःखहरूले हामीहरूलाई के उपलब्ध गराईरहेछ ?

.....................................................................

.....................................................................

**धर्मशास्त्रः रोमी ८:२८ “हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ ।”**

३०. हामीहरूलाई के कुराको निश्चयता छ ?

.....................................................................

.....................................................................

जब हामीहरूले दुःखकष्ट भोगीरहेका हुन्छौं, हामीहरू कस्तो दुःखको सामना गरिरहेका छौं, त्यसको वास्ता परमेश्वरले गर्नुहुन्न भनेर विश्वास गर्न सजिलो हुन्छ । तर पनि प्रत्येक दुःखकष्ट भोगाइलाई ठीक दृष्टिकोणमा हेर्दा यसमा एक उद्देश्य रहेको हुन्छ । यो आनन्दको समय, बृद्धिको समय र परमेश्वरको नजिक हुने समय हुन सक्दछ ।

## उत्तरहरू

१. निन्दा, सतावट, सब किसिमका झुटा र खराव कुरा भन्नेछन्, २. धन्य, ३. विश्वासको जाँच, ४. एउटा रमाहट, ५. किनभने विश्वासको जाँचले सहनसिलता उत्पन्न गराउँछ, ६. हामीहरू कुनै कुराको अभाव नभएर परिपक्व र पूर्ण हुनेछौं, ७. सहनसिलता चरित्र र आशा, ८. किनभने परमेश्वरले पवित्र आत्माद्वारा आफ्नो प्रेम हाम्रो हृदयमा खन्याउनु भएको छ, ९. जीवनको मुकुट, १०. उहाँले हाम्रो काम भुल्नुहुनेछैन, ११. लगनशील भएर अन्त्यसम्म तत्परता देखाएर, १२. लगातार तत्परता देखाएर, १३. सिद्वता, १४. आज्ञाकारिता, १५. साँचो दाखको बोट, १६. किसान, १७. छिवल्नुहुन्छ, १८. तिनीहरूलाई पनि छिवल्नुहुन्छ, १९. झन् फल फलोस भनेर, २०. येशूमा रहेर, २१. धेरै फल फलाउने छ, २२. रहिरहने फल फलाउन, २३. हामीले उहाँको नाममा पितासँग जे मागे पनि दिनुहुनेछ, २४. परमेश्वरले हामीलाई नयाँ र स्थिर पार्नुहुनेछ र शक्तिशाली बनाउनुहुनेछ, २५. परीक्षामा नहुनु असाधारण हो, २६. उहाँले तिमीहरूलाइ तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि दिनुहुनेछ, २७. विश्वासमा दह्रिलो भएर दुष्टको विरोध गर्न संयमी भएर हुने, २८. सङकष्टले, दुःखले खेदोले, अनिकालले, नग्नताले अथवा खतराले, मृत्युले, जीवनले, स्वर्गदूतले, प्रधानताहरूले, वर्तमान कुराहरूले वा पछि हुने कुराहरूले, शक्तिले, उचाइले वा गहिराइले वा सारा सृष्टिमा भएका सबै कुराले, २९. अतुलनिय वा अनन्तको महान् महिमा, ३०. उहाँलाई प्रेम गर्नेहरू र उहाँको अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुनेछ ।

All rights reserved.
Translated & Printed by: Aglow International-Nepal
c/o P.O. Box 3358, Kathmandu, Nepal